Samaj Anweshan. voi. 4. No.Special Issue (Nari Bisheshank). May 2026
DOI: https://doi.org/10.3126/anweshan.v7i01.95055
Research Article
ISSN: 3021-9035 Print

# साइबर संस्कृति र महिला हिंसा

✍डा. साधना पन्त 'प्रतीक्षा'
pratikshagunjan@gmail.com


## लेखसार

विश्वमा भएको सूचना प्रविधिको विकास तथा भूमण्डलीकरणको अवधारणासँगै विकसित साइबर संस्कृति वर्तमानमा मानव जीवनको महत्त्वपूर्ण अङ्ग बनिरहेको छ। दैनिक जीवनका विभिन्न पक्षहरूलाई सरल र सहज बनाइरहेको साइबर संस्कृतिभित्र पनि सकारात्मक तथा नकारात्मक दुवै पाटा रहेका छन्। यसभित्र महिला–पुरुष र जुनसुकै उमेर समूहका प्रयोगकर्ता रहेका हुन्छन्। यसो भए पनि यसको नकारात्मक पक्षबाट प्रभावित हुनेमा तुलनात्मक रूपमा महिला बढी देखिन्छन्। साइबर स्पेसका माध्यमबाट हुने गैरकानुनी तथा आपराधिक गतिविधि साइबर अपराध हो। महिलालाई लक्षित गरेर गरिने त्यस्ता गतिविधि जसले महिलालाई मानसिक यातना (कहिलेकाहीँ भौतिक पनि) झेल्न बाध्य पारेको हुन्छ, त्यसलाई साइबरजन्य महिला हिंसा भनिन्छ। वर्तमानमा साइबरजन्य हिंसाबाट कैयौँ महिला तथा किशोरीहरू पीडित भएको अवस्था छ। यसै सन्दर्भमा प्रस्तुत लेख साइबर संस्कृतिभित्र महिला कसरी उत्पीडित हुन्छन् भन्ने खोजीमा केन्द्रित रहेको छ। साइबर संस्कृतिबाट महिलाहरूले किन र कस्ता हिंसा खेप्न बाध्य भएका छन् भन्ने समस्याको समाधानका लागि यससँग सम्बन्धित पूर्व अध्ययनहरूलाई आधार बनाइएको छ। पितृसत्तात्मक सामाजिक संरचना र त्यसद्वारा निर्देशित विभेदकारी संस्कृतिका कारण महिलाहरू साइबरजन्य हिंसाको उत्पीडनमा परेको निष्कर्ष पनि यस लेखमा निकालिएको छ। साइबर अपराधको कानुनी उपचारका लागि साइबर कानुन बनेको भए पनि विभिन्न कठिनाइका कारण महिलाहरूले त्यस्तो कानुनी उपचार लिन नसकेको हुँदा साइबरजन्य हिंसा न्यूनीकरणका लागि महिला स्वयम् तथा अन्य सरोकारवाला समेत सचेत हुनुपर्ने निष्कर्ष पनि यस अध्ययनबाट निकालिएको छ।



## शब्दकुञ्जी

उत्पीडन, भर्चुअल रियालिटी, साइबर अपराध, सामाजिक सञ्जाल।


## विषय प्रवेश

विद्युतीय सञ्चारमा आबद्ध, विशेषगरी इन्टरनेटका माध्यमबाट जोडिएको सञ्जाललाई साइबर भनिन्छ। यसमा कम्प्युटर, मोबाइल फोन, ट्याबलेट आदि विद्युतीय उपकरणको प्रयोग गरिन्छ। वर्तमानमा साइबर मानिसको दैनिकीसँग जोडिएको छ। अझ, यो त मानिसको अभिन्न अङ्गजस्तै देखिन्छ। यो यथार्थ नभएर परोक्षा यथार्थ अर्थात् भर्चुअल रियालिटी हो। विश्वमा भएको सूचना प्रविधिको विकास र भूमण्डलीकरणको अवधारणासँगै एक प्रकारको नवीन संस्कृतिको आरम्भ भएको पाइन्छ, जसलाई साइबर संस्कृति भनिन्छ। इन्टरनेटका माध्यमबाट सञ्चालित विभिन्न सञ्जालहरूमा आबद्ध भएर प्रचलनमा आएका सामाजिक गतिविधि र व्यवहारहरू यसअन्तर्गत पर्दछन्। साइबर संस्कृति भन्नाले कम्प्युटर–इन्टरनेट, डिजिटल नेटवर्क र विभिन्न अनलाइन प्लेटफार्महरूको प्रयोगबाट विकसित

✍ लेखक नेपाली केन्द्रीय विभाग, त्रिविमा प्राध्यापनरत हुनुहुन्छ।

आधुनिक/अत्याधुनिक सामाजिक र व्यावहारिक संस्कृति हो । यसले डिजिटल प्रविधिमार्फत् मानिसहरूले गर्ने अन्तर्क्रिया, मनोरञ्जन, ज्ञान आदानप्रदान, व्यापार आदिका नयाँ तरिकाहरूलाई समेट्दछ। साइबर संस्कृति समाजमा स्थापित परम्परा तथा संस्कृतिभन्दा भिन्न हुन्छ। कम्प्युटर तथा स्मार्ट फोनका माध्यमबाट इमेल, फेसबुक, इन्स्टाग्राम, ट्वीटर आदिमा जोडिएर आज मानिसले आफ्ना गतिविधि सञ्चालन गर्दछन् । सूचना–ज्ञानको प्राप्तिदेखि सम्बन्ध जोड्ने र बिस्तार गर्नमा महत्त्वपूर्ण देखिएको साइबर जगत् तथा साइबर संस्कृतिका सकारात्मक र नकारात्मक दुवै पक्ष छन् ।

आजको मानिसका दैनिकी सहज बनाउनु, घरमै बसेर संसारको सूचना लिनु, अनलाइन रोजगारी र आय आर्जन, आपसी सम्बन्ध बिस्तार आदिजस्ता सकारात्मक पक्ष भए पनि यसका केही नकारात्मक पक्ष पनि छन् । साइबर अपराध यसको सबैभन्दा ठुलो नकारात्मकता हो। साइबरका माध्यमबाट हुने विभिन्न प्रकारका आपराधिक गतिविधि यसमा पर्दछन्, जस्तै : गलत प्रचारबाजी, ठगी, अश्लील सामग्री तथा गतिविधि, चरित्रहत्या, मानसिक आघात, बल्याकमेलिङ आदि । विशेषगरी पुरुषप्रधान सामाजिक संरचनाभित्र महिला तथा किशोरीहरूलाई लक्षित गरी विभिन्न प्रकारका आपराधिक गतिविधि हुने गर्दछन्। सञ्जालमा महिलाका पोस्टहरूमा गरिने अश्लील टिप्पणी, आरोप, सम्बन्धका व्यक्तिहरूबाट व्यक्तिगत विश्वासमा निर्मित फोटो–भिडियो आदि सार्वजनिक गर्ने धम्की, यौनजन्य क्रियाकलापमा बाध्य पारिने, सामान्य फोटो इडिट गरी ‘पोर्न’ रूपमा प्रस्तुत गर्ने धम्कीबाट मानसिक यातना दिनु आदि साइबर संस्कृतिभित्र हुने महिला हिंसा हुन् । विश्वपरिवेशमा विकसित साइबर संस्कृतिको प्रचार तथा प्रभावसँगै हाल नेपाली समाजमा पनि यस प्रकारको संस्कृतिको लोकप्रियता बढ्दो छ । साइबर संस्कृतिको लोकप्रियताको साथसाथै यहाँ महिला हिंसा पनि अत्यधिक बढ्दै गएको पाइन्छ। यसै सन्दर्भमा प्रस्तुत लेखमा साइबर संस्कृतिबाट महिलाहरूले खेप्ने हिंसा र उत्पीडन के–कस्ता छन् भन्ने समस्याको समाधान खोज्ने उद्देश्य अनुरूप साइबर संस्कृतिको सापेक्षतामा हुने महिला हिंसाको उजागर गरिएको छ।

## *अध्ययन विधि*

प्रस्तुत लेखमा पुस्तकालयीय विधिबाट सामग्री सङ्कलन गरिएको छ । विभिन्न पुस्तक तथा इन्टरनेटका माध्यमबाट साइबर संस्कृतिसम्बन्धी सैद्धान्तिक आधार खोजिएको छ। यिनै आधारमा टेकेर साइबर संस्कृतिभित्र हुने महिला हिंसाका सन्दर्भहरूको खोजी तथा विश्लेषण यस लेखमा गरिएको छ। यसका लागि विश्लेषणात्मक विधिको उपयोग गरिएको छ।

## *साइबर संस्कृतिको सैद्धान्तिक आधार*

वर्तमानमा इन्टरनेट मानव जीवनको एउटा अभिन्न अङ्ग बनेको छ। जुन कुनै उमेर समूह, वर्ग, भौगोलिकताका मानिसहरू पनि आआफ्नो आवश्यकता र पहुँच अनुरूप इन्टरनेटमा जोडिएर गतिविधि सञ्चालन गरिरहेका हुन्छन्। पछिल्लो समय सूचना प्रविधिको विकास सँगसँगै कम्प्युटर, स्मार्ट फोन आदि डिभाइसहरूको पहुँच सहज भएपछि हरेक समाजमा एउटा नयाँपन देखिन थालेको हो। मानिस आफ्नो यथार्थ जगत्भन्दा भिन्दै परोक्ष यथार्थमा रमाउनु, विभिन्न प्रकारका सामाजिक सञ्जालमा आबद्ध हुनु अनि त्यसैमार्फत् विचार तथा समाजमा स्थापितभन्दा भिन्न मूल्यमान्यता स्थापित हुँदै जानुलाई सामान्यतया साइबर संस्कृति भनिएको छ।

प्रविधि क्षेत्रमा ठुलो उन्नति भएको समय सन् १९८० लाई कम्प्युटर क्रान्तिको समय पनि भनिन्छ । यसैसँग साइबर संस्कृतिको पनि आरम्भ भएको भनिन्छ। नब्बेको दशकको मध्यदेखि वर्ल्ड वाइड वेब (WWW) ले कम्प्युटर, इन्टरनेट आदि प्रविधिलाई घरघरै–हातहातै पुऱ्याइदिएपछि साइबर संस्कृति पनि व्यापक रूपमा विस्तारित भएको पाइन्छ। साइबर संस्कृति यथार्थ (रियल) नभएर परोक्ष यथार्थ (भर्चुअल रियालिटी) हो । त्यसैले

यो साइबरदिक् (साइबर स्पेस) मा रहन्छ। साइबर स्पेस भनेको कम्प्युटरको पर्दा पछाडिको त्यो स्थान हो जहाँ विद्युतीय सन्देश आदि कम्प्युटरमा पठाउँदा स्थित रहन्छ। यस ठाउँलाई काल्पनिक ठाउँ मानिन्छ। सन् १९६० मा मार्शल म्याकुलहानले विश्वग्राम (ग्लोबल भिलेज) को धारणा अघि सार्दै प्राविधिक विकासको गतिविधिसँगै परोक्ष समुदायहरूको पनि गतिविधि हुन्छ भनेर साइबर संस्कृतितर्फ सङ्केत गरेका थिए। विश्वग्राम पनि परोक्ष (भर्चुअल) हुन् र त्यसका समुदायहरू पनि परोक्ष हुन्। त्यसैले साइबर संस्कृति पनि प्रत्यक्ष नभएर परोक्ष हो। यसो भए पनि सूचना–प्रविधिको द्रुत विकाससँगै आबद्ध भएर साइबर संस्कृतिले एक्काइसौँ शताब्दीको जीवन–जगत्लाई अत्यधिक प्रभावित गरेको छ (शर्मा, २०७८, पृ. ३६)। साइबर संस्कृति भनेको प्रविधि संस्कृति हो। यसअन्तर्गत प्रविधिका माध्यमबाट प्रसारित विचार, चिन्तन, गतिविधि, डर–आशङ्का, षडयन्त्र–सन्त्रास, अफवाह आदि पर्दछन्।

साइबरका माध्यमबाट हुने गतिविधिले आजको मानिसलाई दैनिकीका विविध पक्षमा सघाउ पुऱ्याएको छ। भौगोलिक हिसाबले टाढा रहे पनि सरल र सहज रूपमा सम्बन्ध स्थापित गर्न तथा विचार आदान–प्रदानको यो राम्रो माध्यम भएको छ। शैक्षिक र अनुसन्धानात्मक कार्यमा यसले धेरै सुविधा उपलब्ध गराएको छ। व्यापार–व्यावसायको राम्रो सहयोगीका रूपमा पनि साइबरको प्रयोग हुँदै आएको छ। सूचना प्राप्तिको सबैभन्दा सहज र द्रुत माध्यम भएको हुँदा साइबर संस्कृतिको लोकप्रियता दिनानुदिन बढ्दै गएको छ। साइबर संस्कृति भनेको साइबर जन्य गतिविधिहरूबाट निर्मित संस्कृति हो। वर्तमानमा सञ्चारको सबैभन्दा ठुलो भाग इन्टरनेटले ओगटेको छ। यसले अन्तरव्यक्ति सञ्चार र समूह सञ्चारदेखि, पपुलर कल्चर, मास कल्चरको प्रवृत्ति समेट्ने पत्रिका, रेडियो, टेलिभिजन आदि सबैलाई एउटै माध्यममा समेटेको छ। यसकारण यो साझा मिडियाका रूपमा समेत देखिएको छ (दाहाल, २०७०, पृ. ७८)। इन्टरनेट सबैका लागि सहज बन्दै गएको वर्तमानमा साइबर संस्कृति पनि बढ्दै गएको छ। यसले स्थापित पुरानो संस्कृति भञ्जन गर्दै नयाँ संस्कृति स्थापित गर्दै जाने सम्भावना पनि बढिरहेको छ।

साइबर संस्कृति यथार्थ नभएर परोक्ष यथार्थ (भर्चुअल रियालिटी) हो तर आजका मानिसहरू यसलाई यथार्थकै रूपमा मानेर यसैमा रमिरहेका देखिन्छन्। साइबर स्पेस नै वर्तमानमा मानिसको भेटघाट, संवाद, परिचय तथा सम्बन्ध विस्तारको माध्यम बनिरहेको छ। यसले संसारलाई नै एउटा गाउँका रूपमा सङ्कुचन गरिदिएका कारण सांस्कृतिक अन्तर्घुलनले व्यापकता पनि पाएको छ। समाज, संस्कृति, कला, साहित्य, शिक्षा आदि सबैमा साइबर स्पेसको प्रभाव बढ्दो छ। साहित्य हरेक समाजको प्रतिबिम्ब हो तर अहिले यो किताबबाट कम्प्युटरमा रूपान्तरित हुँदै गएको छ। अबको पुस्ता कापीकलमबाट टाढिँदै गएको छ। यो पुस्ता कम्प्युटरको स्क्रिनमा संसार खोज्न सक्छ। किताब तथा अभिलेखका पाना पल्टाउने समय र रुचि छैन ऊसँग। गुगल आदि रूपद्वारा कम्प्युटर वा मोबाइलको स्क्रिनमा उसले सबै कुरा पाउन सक्छ। विश्व साहित्यको ठुलो हिस्सा साइबर स्पेसमा नै रहेको यो साइबर सञ्जालीय महापथको भाषा नै अर्कै छ। लेख्ने भनेको किबोर्ड हान्ने, पढ्ने भनेको स्क्रिनमा आँखा जुधाउने स्थिति आएको आजको सन्दर्भमा पठनक्रियामा विधा बदलिएर ध्वनि र दृश्य पनि मिसिएका छन् र यो एउटा कल्पवृक्षजस्तै बनेको छ (भट्टराई, २०६६, पृ. १३४)। यसरी आज साइबर स्पेस तथा साइबर संस्कृति हरेकको जीवनशैलीको एउटा अंश बनेको छ। रहर वा बाध्यता जे भए पनि मानिस योसँग जोडिएकै हुन्छ, अन्यथा ऊ समयभन्दा पछाडि धकेलिन पुग्छ।

साइबर संस्कृति हाल मानिसको दैनिकीको अभिन्न अङ्ग बनेको छ। यसले जीवनका यावत् व्यवहारलाई सहज बनाएको छ। यसो भए पनि यसका सकारात्मक र नकारात्मक दुवै पाटा छन्। सूचना, विचार आदानप्रदान,

सम्बन्ध विस्तार, अन्तरसांस्कृतिक मिश्रण, दैनिक जीवनका आवश्यकीय सेवा–सुविधाको सहजता आदिजस्ता सबल पक्ष भए पनि यसका केही दुर्बल पक्षहरू पनि छन्। यसको सर्वाधिक नकारात्मक पक्ष भनेको साइबर क्राइम अर्थात् साइबर स्पेसका माध्यमबाट हुने गैरकानुनी/आपराधिक गतिविधि हुन्। यस्ता गतिविधि साइबर सञ्जालमा हुने गर्दछन्। त्यसबाट पीडितले विशेषगरी मानसिक यातना खोपिरहेका देखिन्छन्। व्यापारका नाममा ठगी, सम्बन्धका नाममा ब्ल्याकमेलिङ–चरित्रहत्या, अश्लील सामग्री प्रचार–प्रसार, गालीगलौज, यौनिक उत्पीडन आदि साइबर संस्कृतिका नकारात्मक पक्ष हुन्। परम्परागत मूल्यमा रहेको पुरुषप्रधान समाजमा महिलाको चरित्रलाई संवेदनशील मानिने, लैङ्गिक, विभेदले प्रश्रय पाउने, महिला–पुरुषको साझेदारीमा पनि दोषको भागिदार महिलालाई मात्र गराइने, अग्रगामी सोच लिएका महिलाको मनोबल गिराउने आदि महिलाद्वैषी संस्कृति रहेको हुन्छ। त्यसैले साइबर संस्कृति नकारात्मक पक्षहरूबाट पनि तुलनात्मक रूपमा महिलाहरू नै बढी पीडित हुने गर्छन्। यसै सन्दर्भमा प्रस्तुत लेखमा साइबर संस्कृतिबाट महिला केकसरी प्रताडित हुने गर्दछन् भन्नेबारे खोजी र विश्लेषण गरिएको छ।

## *महिलामाथि हुने साइबरजन्य हिंसा तथा उत्पीडन*

साइबर अपराध भनेको परम्परागतभन्दा भिन्दै अपराध हो किनकि यो वास्तविक वा यथार्थ जगत्मा नभएर परोक्ष यथार्थमा हुने गर्दछ। यसलाई साइबर स्पेसमा हुने अपराध पनि भन्न सकिन्छ। साइबर स्पेस अर्थात् भर्चुअल पब्लिक स्पेस पनि भनिने यो दुनियामा मानिसहरू आपसमा परिचित हुने, आआफ्ना विचार राख्ने वा आदानप्रदान गर्ने गर्दछन्। एकअर्काका विचार धारणा, दृष्टिकोण तथा भावनाप्रति सम्मति वा विमति राख्ने लोकप्रिय स्थान पनि हो साइबर स्पेस। नेपालको कानुनले साइबरसम्बन्धी अपराध (cybercrime) लाई यसरी परिभाषित गरेको छ– साइबर अपराध एक गैरकानुनी कार्य हो जुन इन्टरनेट र कम्प्युटर सिस्टम वा नेटवर्कको प्रयोगका क्रममा हुने गरेको छ। यसअन्तर्गत गैरकानुनी सूचना र विषयवस्तु आदानप्रदान गरिन्छ। नेपालको कानुनले यसलाई एक आपराधिक कार्यका रूपमा व्याख्या गरेको छ (प्राइम ल एसोसिएट्स, २०२४)। यसका आधारमा हेर्दा, कम्प्युटर सिस्टम वा नेटवर्कको प्रयोग गरी व्यक्ति तथा समाजलाई नकारात्मक प्रभाव वा हानी पुऱ्याउने उद्देश्यले गरिने गतिविधि साइबर अपराध हो।

सूचना प्रविधिको विकास द्रुत गतिमा भइरहेको वर्तमान परिवेशमा मानिसले आफ्नो दैनिकीका अधिकांश गतिविधिहरू साइबरद्वारा सञ्चालन गरेको हुन्छ। त्यसैले यसको प्रयोग कुनै एक पक्षमा सीमित नभएर बहुपक्षमा फैलिएको देखिन्छ। शिक्षा–रोजगारीका अवसरबारे जानकारी प्राप्त गर्ने, घरमा नै बसेर आफूलाई आवश्यक सूचना सङ्कलन गर्ने वा तथ्याङ्क जम्मा गर्ने, आय आर्जनका लागि अनलाइन व्यापार, खरिदबिक्री, बैङ्किङ कारोबार तथा बिल भुक्तानी आदिका लागि इन्टरनेट नै सहज र सर्वसुलभ माध्यम बनेको छ। भौगोलिक रूपमा टाढा रहेका मानिसहरूबिच निःशुल्क कुराकानी, मनोरञ्जन, विज्ञापन, अपरिचितबिच परिचय तथा सम्बन्ध स्थापना आदिको साझा स्थल पनि हाल साइबर स्पेस नै बनेको छ। साइबरको प्रयोगबाट जहाँ र जसरी मानिसले आफ्नो दिनचर्या सहज बनाएको छ, त्यहीँबाट उसले विभिन्न प्रकारका कठिनाइहरूको पनि सामना गरेको छ। सूचनाको दुरूपयोग, अफवाह, आरोप प्रत्यारोप, व्यापारको नाममा ठगी, अनलाइन कारोबारमा गोप्य सूचना चुहावट तथा त्यसबाट आर्थिक नोक्सान, चरित्रहत्या, मानसिक उत्पीडन आदिजस्ता दुष्प्रभावले मानिसलाई पीडा दिने गर्दछ। त्यसैले यस्ता गतिविधि साइबर अपराध हुन्। साइबर अपराध एकप्रकारको गैरकानुनी आपराधिक क्रियाकलाप हो जुन विद्युतीय प्रविधि तथा सञ्जालका माध्यमबाट फोन, ट्याबलेट कम्प्युटरको प्रयोगले गरिन्छ। यस्ता कार्यहरू मनोवैज्ञानिक र सामाजिक रूपमा गरिन्छ। यस्ता बालबालिकालगायत समाजका विविध पक्षमाथि

अपराध गर्ने उद्देश्यले गरिएको हुन्छ (बलबन्तरे.आदि, २०२३, पृ. ३०)। यस प्रकारको आपराधिक गतिविधिबाट महिला तथा पुरुष दुवै पीडित हुने गर्दछन्। प्रस्तुत लेख महिलामाथि हुने यसप्रकारका अपराधमा केन्द्रित रहेको छ। त्यसैले साइबरजन्य अपराध तथा त्यसबाट महिलाले झेल्ने उत्पीडनलाई निम्नानुसार विश्लेषण गरिएको छ–

## *लैङ्गिकतामा आधारित साइबर अपराध*

साइबर संस्कृति वर्तमान समाजमा दिनप्रतिदिन लोकप्रिय बन्दै गएको छ। यसको आकर्षणका कारण नै आजको मान्छे यान्त्रिक समेत बन्न थालेको छ। विगतमा जस्तो मानिसहरू प्रत्यक्ष उपस्थित भएर अथवा भौतिक रूपमा जमघट गरेर विचार आदानप्रदान गर्न, भलाकुसारी र मनोरञ्जन गर्ने संस्कृति अब घट्दै गएको छ। साइबर स्पेस अब एउटा यस्तो थलो बनेको छ, जहाँ मानिसहरू आफ्ना विचार, दृष्टिकोण, अनुभव–अनुभूति सार्वजनिक गर्न सक्छन् । आफूलाई चित्त नबुझेको कुराको खुलेर विरोध गर्न सक्छन्। आधुनिकता र सामाजिक खुलापनसँगै महिला र लैङ्गिक अल्पसङ्ख्यकहरूले साइबर स्पेसलाई आफ्नो पहिचान खोजीको माध्यम बनाउने गरेका छन्। यो सकारात्मक पक्ष हो तर परम्परागत पितृसत्तात्मक सोच भएका, विशेषगरी पुरुषहरू उनीहरूको आवाज दबाउने, उनीहरूका विचारको गलत अर्थ लगाउने, उनीहरूको विद्रोहलाई विखण्डनवादिताको संज्ञा दिने गरेका छन् । यो पनि साइबर संस्कृतिभित्रको एकप्रकारको हिंसा हो । किनकि यसबाट महिला तथा लैङ्गिक अल्पसङ्ख्यकहरूले मानसिक उत्पीडन झेल्नुपर्ने हुन्छ। यसप्रकारको वैचारिक विमति, आरोपप्रत्यारोपमा महिला–पुरुष दुवैको सहभागिता हुने भए पनि पुरुषमा त्यसको नकारात्मक प्रभाव तुलनात्मक रूपमा कम देखिन्छ । पुरुषप्रधान समाजका मूल्यभित्र पुरुष प्रायः निर्दोष सावित हुने, उसका गल्ती ढाकछोप हुने वा त्यसलाई सामान्य रूपमा लिने गरिन्छ भने महिलाप्रति लक्षित पुरुषका आक्षेप, नराम्रा टिप्पणी, चरित्रहत्याका प्रयास आदिका आधारमा समाजले महिलालाई नराम्रो दृष्टिले हेर्ने गर्दछ।

साइबर अपराधको एउटा प्रकार बुलिङ (Bulling) पनि हो। यसबाट महिला, त्यसमा पनि किशोरीहरू बढी प्रभावित/प्रताडित हुने गर्दछन्। बुलिङ भन्नाले नियतबस बारम्बार अपमानजनक व्यवहार गरेर मनोबल गिराउनु हो। पुरुषले सामूहिक वा एकल रूपमा कुनै महिलाको मनोबल गिराएर उसलाई समाजमा अघि बढ्न नदिने मनसायले यस्तो गर्दछन्। महिलाविरुद्ध हुने साइबर अपराधअन्तर्गत उनीहरूलाई विभिन्न अपशब्द प्रयोग गर्ने, मनोबल गिराउने, नकारात्मक टिप्पणी गर्ने, गलत सूचना तथा सन्देश पठाउने गरिन्छ । महिलाको चरित्रहत्या गर्ने उद्देश्यले यस्तो गरिएको हुन्छ। यसका साथै उनीहरूलाई विभिन्न प्रलोभन देखाएर मनोवैज्ञानिक, सामाजिक समस्यामा पार्नुका साथै आर्थिक ठगी पनि गरेको पाइन्छ। यो एक प्रकारको साइबर सृजित प्रताडना हो (बलबन्तरे. आदि, २०२३, पृ. ३१)। समाजमा स्थापित पितृसत्तात्मक मूल्य र त्यसभित्रको लैङ्गिक विभेदका विरुद्ध आवाज उठाउने महिलाहरू प्रायः यसप्रकारको हिंसाबाट प्रताडित हुने गरेका छन्।

महिलाहरूले विभिन्न सामाजिक सञ्जालमा पोस्ट गरेका विचार र तस्विरहरूमा प्रायः पुरुषहरूले नराम्रो कमेन्ट गरेको पाइन्छ। पितृसत्तात्मक सोचको पक्षधरहरूले महिलाले पोस्ट गरेका सामान्य फोटो–भिडियो वा व्यक्तिगत जीवनका विचार, सम्बन्ध, अनुभव आदिमा अपमानजक रूपले टिप्पणी गरिन्छ। कतिपय टिप्पणीहरू त झुटो वा नक्कली आइ.डी. बाट हुने गर्दछन्। समाजमा कुनै पीडित महिलाले आफूमाथि भएको अन्यायका विरुद्ध आवाज उठाउँदा, सञ्जालका माध्यमबाट सहयोगको अपिल गर्दा पनि विभेदकारी संस्कृतिले उसैलाई दोषी देखाएर पुरुषलाई उन्मुक्त गराउनका लागि यसप्रकारले नकारात्मक टिप्पणी गरेको पाइन्छ। यति मात्र होइन, अन्यायमा परेका अथवा पीडित महिलालाई साथ दिँदै ऐक्यबद्धता जाहेर गर्ने, सहयोगका लागि आवाज उठाइदिने महिलाहरू पनि यस्तो खाले उत्पीडनमा पर्ने गरेको पाइन्छ। समाजमा केही यस्ता

पुरुष हुन्छन् जसले महिलाको अस्तित्व स्वीकार गर्दैनन्। महिलालाई केबल पुरुषको अधिनस्थ दासी भएको मान्ने पुरुष जसलाई मिसोजिनिस्ट (Misogynist) भनिन्छ। यसलाई पितृसत्ताका कट्टर अनुयायी पनि भन्न सकिन्छ। यस्तो विचार भएका व्यक्तिहरूले सामाजिक सञ्जालमा महिलाप्रति अत्यन्त नकारात्मक टिप्पणी गरेको पाइन्छ। यसप्रकारको पुरुष अतिवादिताका कारण एकातिर पीडित महिलाहरू आफूमाथि भएको अन्यायका विरुद्ध बोल्न सक्तैनन् भने अर्कातिर ती पीडितहरूलाई न्याय दिलाउनका लागि बोल्ने महिलाहरू पनि मौन बस्न बाध्य हुने गर्दछन्।

**यसै सन्दर्भमा, अहिले समाजमा महिला र किशोरीहरू यौन हिंसाका सिकार भइरहेका छन्। केही अपरिचितद्वारा अनि अनायासको दुर्घटनाका रूपमा पीडित देखिन्छन् भने अधिकांशले परिचित तथा नातासम्बन्ध** भित्रैबाट यस्तो उत्पीडन खेपिरहेका हुन्छन्। पछिल्लो समय महिला तथा किशोरीहरू आफूमाथि भएको यौनिक उत्पीडनविरुद्ध बोल्न थाले। 'मि टु' यसैको उदाहरण हो। तर साइबर जगत्मा पुरुषकै आवाज यति ठुलो भैदियो कि ती महिलाहरूको आवाज बिलाएको भान हुन गयो। पुरुषहरू मात्र होइन पुरुषवादी सोच भएका, परम्परावादी महिलाहरू पनि पुरुषकै पक्षमा विचार राख्ने, हरेक नकारात्मता अनि दुर्घटनामा महिलालाई नै दोषी मान्ने विचार, टिप्पणी गर्न पछि पर्दैनन्। यसले पीडितलाई झनै पीडित बनाउने गर्दछ। त्यसैले यो पनि एकप्रकारको साइबर अपराध हो, जसले महिलालाई मानसिक रूपमा प्रताडित गर्दछ।

साइबर स्पेसमा महिला, विशेषगरी किशोरीहरू बुलिङ (Bullying) द्वारा प्रताडित हुने गर्दछन्। यसबाट पीडितको मानसिकतामा असर पर्ने वा उसको मनोबल क्षीण हुने गर्दछ। कसैको कुनै कमजोरी (शारीरिक वा मानसिक) लाई लक्षित गर्दै बारम्बार होच्याउने वा ऊभित्र हीनताबोध जगाउन यस्तो गरिन्छ। कहिलेकाहीँ अर्काको कमजोरीमा प्रहार गरेर मनोरञ्जन लिन खोज्ने यस्तो प्रवृत्तिले पनि महिला हिंसालाई नै पोषित गरेको हुन्छ। यसैगरी महिलाविरुद्धको अर्को साइबरजन्य हिंसा साइबर स्टकिङ (Syber Stalking) पनि हो। यसअन्तर्गत कसैलाई इमेल वा मेसेज पठाएर उसको प्रोफाइलभित्रका गोप्य सूचना खोज्ने गरिन्छ। यसरी प्राप्त सूचनाका आधारमा उसलाई गलत नियतले पिछा गर्ने गरिन्छ। परिचित वा अपरिचित पुरुषहरूद्वारा महिलाले यसप्रकारको उत्पीडत झेलिरहेका हुन्छन् (युनाइटेड नेसन्स् रिजनल इन्फर्मेसन सेन्टर, २०२४)। यसरी पिछा गर्दै महिलालाई डर–धम्की दिएर आफ्नो स्वार्थ पूरा गर्ने, उसको निजी कुरा सार्वजनिक गरिदिने अथवा गर्ने धम्की दिएर ठगी गर्ने आदि पनि यसअन्तर्गत पर्दछन्।

महिलाका नाममा फेक आइ.डी. बनाएर अनेकौँ भ्रामक प्रचार गर्ने, महिलाहरूमाथि नै आक्षेप लगाउने, असामाजिक र अमर्यादित सामग्रीहरू पोस्ट गरेर विकृति फैलाउने कार्य पनि पुरुषबाट हुने गर्दछ। यसबाट समग्र महिलाहरूको छविमा आँच आउने गर्दछ। किनकि सञ्जालका आम प्रयोगकर्ताहरूले सोच्ने गर्छन् कि त्यस्ता सामग्री पोस्ट वा प्रसार गर्ने महिला हुन् र ती महिला सम्मानयोग्य छैनन्। यो एक प्रकारको मानसिक हिंसा हो। यसबाट महिलाहरूको मनोबल घट्नुका साथै नयाँ पुस्ताका महिलाप्रति समाजको दृष्टिकोण नकारात्मक बन्ने गर्दछ।

## *महिला लक्षित साइबर अपराध*

अहिलेको युग सूचना प्रविधिको युग हो। के सहर के गाउँ, जहाँसुकै अनि हरेक वर्गका मानिसहरू आआफ्नो आवश्यकता तथा क्षमताअनुसार इन्टरनेटमा जोडिएकै हुन्छन्। यसले उनीहरूको दैनिकीलाई सहज बनाउनाका साथै मनोरञ्जन समेत प्रदान गरिरहेको छ। बिना शुल्क आफन्त तथा साथीभाइसँग लामो कुराकानी गर्न पाउनु साइबरको सर्वसुलभ उपलब्धि हो। साइबर नेटका विभिन्न फाइदा र उपयोगिताका साथै यसले निम्त्याउने जटिलता र समस्या पनि उत्तिकै उल्लेख्य देखिन्छन्। इन्टरनेट मानव जीवनको अति आवश्यक पक्ष बन्दै गएको हुँदा हाल यसको प्रयोगमा पनि व्यापकता आएको छ। औपचारिक अथवा

कार्यालयीय कार्यहरूका लागि मात्र नभएर एक अर्कासँग कुराकानी गर्न, विभिन्न प्रयोजनका लाग रकम स्थानान्तर गर्न बिल भुक्तानी, आवश्यकीय कागजातको आदानप्रदान, सूचना प्राप्ति तथा मनोरञ्जनको सरल–सहज माध्यम पनि भएको हुँदा सबै उमेर समूहका अनि महिला–पुरुष सबैले यसको प्रयोग गर्दछन्। यस्तोमा महिलालाई लक्षित गरेर अश्लील सामग्री पठाउने, खराब नियतका सन्देश पठाउने, नराम्रा टिप्पणी गर्ने आदि गतिविधिद्वारा महिला हिंसा भइरहेको पाइन्छ (बलबन्तरे. आदि, २०२३, पृ. ३२) । खासगरी गलत मनशाय भएका र आपराधिक मानसिकताका पुरुषहरूद्वारा उपर्युक्त गतिविधिमार्फत् महिलाहरूलाई प्रताडित गरिएको देखिन्छ । परम्परागत पुरुषप्रधान समाजमा महिलाहरू यस्ता समस्या भेलिरहे पनि त्यसका विरुद्ध बोल्ने आँट गर्दैनन्। किनकि साइबर सञ्जालको व्यापकताले गर्दा गलत मनशायले गरिएको प्रचारका कारण समाजले महिलालाई नै दोषी मान्दछ।

साइबर वा इन्टरनेटबाट गरिएका कतिपय व्यापार तथा उपहारका नाममा महिलाहरू ठगीको समस्यामा पर्ने, आर्थिक अव्यय हुने घटनाहरू पनि हुने गरेका छन्। यसो भए पनि साइबर संस्कृतिमार्फत् यौनिक दृष्टिले नै महिला सर्वाधिक पीडित देखिएका छन्। वर्तमान अवस्थामा साइबर नेटवर्कले मानवीय सम्बन्धहरूलाई जोड्ने कार्य गरेको छ।

विभिन्न सञ्जालहरूले सामाजिक अन्तर्क्रियाहरूलाई सुचारु गर्दै आएका छन् । आज व्यक्तिव्यक्ति बिचका प्रत्यक्ष संवाद तथा अभिव्यक्ति अवैयक्तिक माध्यमबाट प्रसारित भइरहेका छन् । सञ्जालमार्फत विभिन्न अभियान तथा व्यवस्थापनलाई सहयोग पुगिरहेको छ । साइबर नेटका माध्यमबाट सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक आदि उद्देश्यका लागि सञ्जालहरू बनेका हुन्छन् (स्कोबार, १९९९, पृ. ३१–५४)। त्यसैले यस्ता सञ्जालहरूमा महिला पुरुष दुवैको सहभागिता रहेको हुन्छ। यस्ता सञ्जालहरूको सकारात्मक पक्ष धेरै भए पनि केही पुरुषहरूले यसलाई महिलाप्रति प्रतिशोध लिनका लागि प्रयोग गर्ने गरेको पाइन्छ। महिलाका अभिव्यक्ति, फोटो वा भिडियो AI बाट सम्पादन गरेर उनीहरूलाई बदनाम गराउने, चरित्रहत्या गर्ने आदि घटनाहरू प्रशस्त देखिन्छन्। यसबाट सञ्जालमा आबद्ध महिलाले मानसिक उत्पीडन भेल्नुपर्ने हुन्छ।

समाजमा भएको शिक्षा र चेतनाको विकास सँगसँगै सूचना प्रविधिको विस्तार हुनुले महिलाहरू लाभान्वित भएका छन् । नयाँ कुरा थाहा पाउने, खोजी गर्ने, आफ्ना विचार राख्ने, त्यसमा अरूको राय बुझ्ने यो सजिलो माध्यम हो। इन्टरनेट एउटा वार्तालापको साभा थलो पनि हो। यसले महिलाहरूलाई आफ्ना विचार तथा भावना आदानप्रदान गर्न सामाजिक सम्बन्ध स्थापित गर्न, राजनीतिक प्रतिवाद गर्न र पितृसत्तात्मक सोचका विरुद्ध सङ्गठित हुन सहयोग गर्दछ । यसले महिलाहरूको परम्परागत जीवनशैली, इतिहास र स्थानीय जनजीवनलाई प्रसार गर्न समेत मद्दत पुऱ्याइरहेको छ (योङ्ग, १९९९, पृ.५५–६८) । साइबर संस्कृतिभित्र महिलाका लागि यति धेरै सकारात्मकता भए पनि केही नकारात्मक पक्षहरू पनि छन् जसले उनीहरूमाथि हिंसा गरिरहेछ। पितृसत्तात्मक सामाजिक संरचनाभित्र पुरुषले जति नै गल्ती गरे तापनि आफूलाई सजायको भागिदार मान्दैन । किनकि उसले आफूलाई परिवार तथा समाजकै श्रेष्ठ ठानेको हुन्छ। साइबर सञ्जालका माध्यमबाट सचेत महिलाहरू जब पुरुषका दोष र कमजोरी उजागर गर्न पुग्छन् तब पुरुषले उनीहरूमाथि प्रतिशोधको भावना राख्छ। महिलाको यौनिकता पुरुष नियन्त्रणमा रहेको पितृसत्तात्मक समाजमा यौनजन्य विषयलाई उठाएर नै पुरुषले साइबर स्पेसमा महिलालाई मानसिक यातना दिने गर्दछ । बदलाको भावना लिएर महिलाका व्यक्तिगत सूचना ह्याकिङ गर्ने, त्यसैका माध्यमबाट उनीहरू समक्ष पुगेर यौन हैरानी गरेका घटनाहरू पनि धेरै देखिन्छन्।

इन्टरनेटले संसारलाई एउटै गाउँका रूपमा सङ्कुचन गरेको छ। हातको सानो डिभाइस (फोन) का माध्यमबाट मानिसले पलभरमा नै संसारको भ्रमण गर्न सक्छ। यसै

सन्दर्भमा साइबर स्पेसले विश्वभरिका महिलाहरूलाई एउटै सञ्जालभित्र जोड्ने कार्य गरेको छ ता कि उनीहरू आफ्ना सामूहिक समस्याहरूलाई विश्वव्यापी रूपमा नै उठाउन सकुन् । यसले महिलाहरूलाई प्रविधिका माध्यमबाट परिवार तथा स्थानीयतामा सीमित नराखी विश्व महिला सञ्जालमा आबद्ध गरेको छ । यसका साथै पुरुषसँग अन्तर्क्रिया तथा सहकार्य गर्न पनि सहज बनाएको छ । यसबाट अन्तर्देशीय सङ्घसंस्थाहरू, सामाजिक शैक्षिक, सांस्कृतिक आदि संस्थाहरू मार्फत् महिला सशक्तीकरण गर्नमा पनि सहज बनाएको छ। यसका साथै महिलाहरूलाई आवश्यक स्रोत साधन, सूचनामा पहुँच पुऱ्याउनमा पनि साइबरको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ (हरकोर्ट, १९९९, पृ. १)। यति धेरै सबल पक्ष हुँदाहुँदै पनि साइबर स्पेसमा हुने महिला लक्षित अपराधका कारण महिलाहरू पीडित भइरहेका छन्। यसको कारण के हो भने समाज अझै पनि पुरुषवादी सोचमा आबद्ध छ। महिलाका विरुद्ध गलत नियतले प्रसारित सामग्रीहरूलाई पनि सही ठान्ने अनि त्यसलाई भाइरल बनाउने प्रवृत्ति यथावत छ। यदि कुनै महिलालाई उसको अग्रगमनमा बाधा पुऱ्याउनुपऱ्यो भने अहिले सामाजिक सञ्जालमा उसका विरुद्ध गलत प्रचारप्रसार गराइन्छ। यो पनि एक प्रकारको साइबर अपराध हो। यसबाट महिलाहरू मानसिक रूपमा उत्पीडित बन्ने गर्दछन्।

समाजमा प्रत्यक्ष रूपले हुने हिंसाविरुद्ध आवाज उठाउन पनि सहज हुन्छ। तर साइबरजन्य हिंसा भिन्न प्रकृतिको हुने हुँदा पीडितलाई त्यो सार्वजनिक गर्न पनि सहज हुँदैन। आम मानिसलाई यसबारे बुझाउनै समस्या हुन्छ। साथै यसप्रकारका अपराध गर्नेले त्यसको प्रमाण पनि तत्कालै लुकाउन वा नष्ट गर्न सक्छ। साइबर अपराधअन्तर्गत हुने महिला हिंसा परम्परागत हिंसाभन्दा फरक प्रकारको महिला हिंसा हो। परम्परागत रूपमा महिलामाथि घरेलु हिंसा, यौनिक हैरानी, तेजाब प्रहार, महिला बेचबिखन, बलात्कार आदिजस्ता हिंसा हुने गरेका थिए भने हाल साइबर अपराधका घटनाहरू बढ्दै गएका छन्। यस प्रकारको हिंसाले विशेषगरी महिला तथा किशोरीहरू पीडित देखिएका छन् (बलबन्तरे. आदि, २०२३, पृ. २६)। वर्तमानमा महिला तथा किशोरीहरू फेसबुक, इन्स्टाग्राम म्यासेन्जर आदिमा बढी समय दिने र त्यसैका माध्यमबाट साथी बनाउने गरेको पाइन्छ। सञ्जाल प्रयोगकर्ता पुरुषहरू खराब आचरण भएका तथा आपराधिक मानसिकताका पनि हुन्छन्। प्रत्यक्ष सम्पर्क र सम्बन्धमा मानिसको व्यवहार र आचरण चिन्न सजिलो हुने भए पनि यो भर्चुअल सम्बन्धमा त्यस्तो हुँदैन। महिला तथा किशोरीहरूले विश्वास गरेका, सम्बन्ध बनाएका पुरुषहरू भने उनीहरूबाट आफ्नो स्वार्थपूर्तिको प्रयास गर्दछन्। यस्तो स्वार्थ प्रायः यौनजन्य हुने गर्दछ। प्रेमी अथवा यस्तै सम्बन्ध बनाउने, नजिकिने अनि यौनिक क्रियाकलापमा संलग्न हुन बाध्य बनाउने त्यसपछि त्यस्ता तस्बिर तथा भिडियो बनाएर तिनलाई सार्वजनिक गरिदिने धम्की वा त्रास देखाएर अपराधीहरूले महिलामाथि यौनिक हिंसा गर्दछन्।

साइबर स्पेसमा सम्बन्ध बनाइसकेपछि पुरुषले महिलालाई अश्लील सन्देश र यौनेत्तेजक सामग्री पठाउने गरेको पाइन्छ। सेक्स अपिल गर्दै पोर्न फोटो वा भिडियो पठाउने, महिला तथा किशोरीलाई संवेदनशील अङ्ग देखाउन बाध्य पार्ने तथा भर्चुअल यौन गतिविधिमा सरिक गराउने पुरुष प्रवृत्तिबाट कतिपय महिला–किशोरीहरू मानसिक रोगी समेत बनेको देखिन्छ। विशेषगरी किशोरीहरू यसप्रकारको हिंसा खेप्न बाध्य हुन्छन्। किनकि उनीहरू साइबर संसारमा बढी रमाउने, त्यसैमा केटा साथी बनाउने अनि उनीहरूसँग प्रेम गर्न रुचाउँछन्। उमेर अवस्थाका कारण उनीहरू आपसमा यौनिक गतिविधिसमेत गर्दछन्। प्रेमको नाममा भएका यस्ता व्यक्तिगत वा गोप्य गतिविधि सार्वजनिक गर्ने त्रास देखाएर त्यसमा संलग्न पुरुषहरू भने यथार्थमा नै उनीहरूको यौन शोषण गर्न पछि पर्दैनन्। समाज तथा परिवारको डर र इज्जतको सवालका कारण पीडित महिलाले आवाज उठाउन सक्दैनन्। यदि उनीहरूले

आवाज उठाएमा पितृसत्तात्मक मूल्यद्वारा उनीहरूलाई नै दोषी ठहऱ्याइन्छ र पुरुष उन्मुक्त हुने गर्दछ।

साइबर अपराधअन्तर्गत महिलाहरू प्रायः थाहा नपाई समस्याग्रस्त हुने गर्छन्। समय बिताउन र मनोरञ्जन आदि विभिन्न दृष्टिले साइबर स्पेस सबैको लोकप्रिय बनिरहेको अवस्थामा महिला, विशेषगरी किशोरीहरू यसभित्र एकोहोरो लागेका हुन्छन्। जनसम्पर्क बढाउने अनि नयाँ जानकारी प्राप्त गर्ने चाहनामा उनीहरू साइबर स्टकिङको समस्या भेल्ने गर्दछन्। यसैगरी उनीहरूमाथि हुने अर्को हिंसा (Non-Consensual Pornography) हो । यो महिलामाथि साइबरका माध्यमले गरिने यौनिक हिंसा हो। कसैको स्वीकृतिबिना वा थाहै नदिएर उसको गोप्य फोटो, भिडियोद्वारा यस्ता अपराध हुने गर्दछन्। महिलाका निजी, गोप्य फोटो भिडियो प्राप्त गरेर पोर्न वेभसाइटमा राख्ने कार्य बदलाको भावले गरिएको पाइन्छ। त्यसैले यसलाई रिभेन्ज पोर्न (Revenge Porn) पनि भनिन्छ। महिलाका यौन साथी, पूर्व प्रेमी वा यस्तै सम्बन्धका पुरुषहरूले उनीहरूसँग बदला लिने मनशायले यस्तो कार्य गरेको पाइन्छ (भोङ्गले, २०२१)। यसप्रकारको आपराधिक गतिविधि महिलाको मानहानी वा चरित्रहत्या गर्ने, बेइज्जती गरेर उसलाई आत्महत्या दुरुत्साहनको उद्देश्यले गरिएको देखिन्छ । धेरैजसो किशोरीहरू यसप्रकारको समस्या भेल्न बाध्य हुन्छन्।

साइबर अपराधअन्तर्गत महिलालाई लक्षित गरेर आपराधिक मानसिकता भएका पुरुष र सम्बन्धित महिलासँग प्रतिशोधको भावना भएका पुरुषहरूले विभिन्न प्रकारका हिंसात्मक कार्य गर्छन्। यस्ता कार्य महिलाको चरित्रहत्या गराउने तथा ब्ल्याकमेलिङ गरेर फाइदा लिने उद्देश्यले गरिएको पाइन्छ। यस्तै एउटा हिंसा मर्फिङ (Morphing) पनि हो । भोङ्गलेका अनुसार साइबर सञ्जालबाट कुनै महिलाको सामान्य फोटो डाउनलोड गरेर 'पोर्न स्टार' वा अन्य कसैको नग्न फोटोसँग राखेर एडिट गर्ने, फेक आइ.डी. बनाएर त्यसको गलत प्रयोग अथवा प्रचार गर्ने, चरित्र हत्या गर्ने मनशायले सोसल मेडियामा त्यस्तो फोटो राख्ने आदि गतिविधि मर्फिङ हो (भोङ्गले, २०२१)। यस्तो हिंसाबाट प्रायः किशोरीदेखि यौवनाहरू प्रताडित हुने गर्दछन्। यसको कारण के हो भने अहिलेको खुला समाज तथा साइबर संस्कृतिका कारण सानै उमेरमा युवायुवती आपसमा नजिकिने सम्बन्धमा रहने (लिभिङ टुगेदर पनि), उनीहरूबिच शारीरिक सम्बन्ध र यौनजन्य क्रियाकलाप हुने गर्दछ । कारणबस उनीहरू बिचको सम्बन्ध तथा समभदारी टुट्यो भने यस्ता समस्या आउँछन्। विशेषगरी पुरुषले चाहेर पनि महिलाले नचाहने अवस्था, पुरुषको यौनचाहना पूरा गर्न महिला सहमत नहुँदा वा महिलाले सम्बन्ध तोडेको अवस्थामा पुरुष प्रतिशोधी बन्ने गर्दछ। त्यसैले ऊ महिलालाई मानसिक त्रास र यातना दिएर पनि आफ्नो इच्छा पूर्ति गर्न चाहन्छ। त्यसमा पनि सफल हुन नसक्दा महिलालाई बदनाम गराउन यसप्रकारको अपराध गर्न पुग्दछ।

साइबर संस्कृतिभित्र महिलाहरू तुलनात्मक रूपमा यौनजन्य उत्पीडन बढी भेलिरहेका देखिन्छन्। यसको कारण के हो भने किशोरावस्थाका युवायुवती यो संस्कृतिमा बढी आबद्ध भएका हुन्छन्। उनीहरू त्यहाँ आफूले गर्ने गतिविधिको परिणाम आँकलन गर्ने क्षमता राख्दैनन् र चाहँदैनन् पनि। उनीहरू आफ्नो चाहनाअनुरूप चल्ने गर्दछन्, जसको फलस्वरूप समस्या निम्तिने गर्दछ। साइबर प्रयोगकर्ताहरू सबै राम्रो नियतका मात्र हुँदैनन्। त्यसैले गलत नियतका पुरुषहरूले आफ्नो सम्पर्कमा भएका महिलालाई विभिन्न अश्लील लिङ्क तथा फोटो–भिडियो पठाउने, यौनजन्य गतिविधिमा आकर्षित गराउँछन्। विभिन्न प्रभावमा पारेर उनीहरूले महिला (प्रायः किशोरी) हरूलाई संवेदनशील अङ्ग प्रदर्शन गर्न बाध्य गराउने, त्यस प्रकारका फोटो–भिडियो सार्वजनिक गर्ने धम्की दिएर थप शोषण गर्ने गर्दछन् (मसुदाज आदि, २०२४, पृ.१–१४)। महिलाहरूका लागि यसप्रकारको हिंसाबाट छुटकारा पाउन कठिन हुने गर्दछ। किनकि उनीहरूले थाहै नपाई पनि आपराधिक

मानसिकताका पुरुषहरूले उनीहरूको त्यसप्रकारको फोटो, भिडियो वा संवादहरू तयार पारिसकेका हुन्छन् । त्यसैले हाल यो एउटा गम्भीर समस्या बनिसकेको छ।

साइबर स्पेसमा हुने खराब गतिविधिमा महिला–पुरुष दुवैको सहभागिता भएर पनि हिंसाको सिकार महिला मात्र हुन्छन्। किनकि पितृसत्तात्मक सामाजिक संरचना र त्यसले निर्धारण गरेका मूल्य महिलाको पक्षमा देखिँदैन। पितृसत्तात्मक सामाजिक संरचनाभित्रका विभेदकारी मूल्यका कारण पुरुषको यौन जीवन स्वतन्त्र हुन्छ। तर महिलाको हुँदैन। यौनलाई महिलाको चरित्र र मर्यादासँग जोडिन्छ तर पुरुषलाई यसमा आबद्ध गरिँदैन। उदाहरणका लागि, यस्तो समाजमा बलात्कृत महिला तथा उसको परिवारलाई गलत रूपमा हेरिन्छ तर बलात्कारी पुरुष स्वाभाविक रूपमा बाँच्न सक्छ। यौनहिंसालाई महिलाको चरित्र र इज्जतसँग जोडेको हुनाले नै पुरुषले महिलासँग प्रतिशोध लिनुपर्दा यौनजन्य हिंसाको बाटो रोज्ने गरेको हो। भर्चुअल रियालिटी अथवा साइबर संस्कृतिभित्र पनि यही यथार्थ चरितार्थ भएको पाइन्छ।

साइबर संस्कृतिभित्र महिला पीडित छन्। उनीहरू अपरिचित, परिचित वा सम्बन्धभित्रकै पुरुषहरूबाट विभिन्न प्रकारका हिंसा भेलिरहेका छन् । त्यसैले अब यसप्रकारको समस्याबाट मुक्त हुने उपाय वा समाधानको खोजी पनि आवश्यक देखिन्छ । साइबर अपराधसम्बन्धी साइबर कानुन यसको प्रमुख समाधान हो। प्रायः सबै देशहरूले यसप्रकारको कानुन बनाएका छन् । पीडितले सप्रमाण कानुनी उपचार खोजेमा अपराधी दण्डित हुने अवस्था छ। साइबरजन्य महिला हिंसाको सन्दर्भमा पनि साइबर कानुन सक्रिय छ। यसो भए पनि कानुनी उपचारमा जानु महिलाका लागि त्यति सहज भने छैन। किनकि पहिलो कुरा यसका लागि यथेष्ट प्रमाणको आवश्यकता पर्दछ। अपराधीले प्रमाण छोडेर अपराध गर्दैन। त्यसैले प्रमाणको अभावमा महिलाले न्याय पाउन सकिरहेका छैनन्। दोस्रो कुरा, पुरुषप्रधान समाजको विभेदकारी संस्कृतिभित्र महिलाले आफूमाथि हुने यौनजन्य हिंसाविरुद्ध खुल्न सक्दैनन्। परिवार र समाजको डरले उनीहरू सहन बाध्य हुन्छन् । विभेदकारी संस्कृतिले पुरुषलाई निर्दोष साबित गरेर उनीहरूमाथि नै औँला ठड्याउने भयले उनीहरू चुपचाप पीडा भेल्ने गर्दछन्। कानुनी बाटो सरल नभएको अवस्थामा पनि यस्ता हिंसा न्यूनीकरणका लागि अन्य विकल्प पनि खोजिन आवश्यक हुन्छ । यसका लागि महिला तथा विशेषगरी किशोरीहरूले साइबर संस्कृतिमा आबद्ध हुँदा केही सजगता अपनाउनु पर्दछ । कस्ता व्यक्तिहरूको सम्पर्कमा रहने, केकस्ता साइटहरू भिजिट गर्ने, कस्ता सामग्रीमा साहभागी हुने आदि सोच्नुपर्दछ। पुरुषसँगको सम्बन्धमा कति खुल्ने, आफ्नो गोप्य र निजी प्रोफाइल कसरी सुरक्षित राख्ने भन्ने विषय पनि मननयोग्य छ। विशेषगरी साइबर नेटका अश्लील र यौनजन्य सामग्री तथा गतिविधिमा विना सोचविचार सहभागी नहुने हो भने पनि यस्ता हिंसाबाट केही हदसम्म मुक्त हुन सकिन्छ। विशेषगरी बालिका तथा किशोरीहरूका अभिभावकहरू पनि यसतर्फ सचेत हुनैपर्छ।

## *निष्कर्ष*

साइबर संस्कृतिअन्तर्गत हुने महिला हिंसासम्बन्धी अध्ययनको निष्कर्षमा के भन्न सकिन्छ भने साइबर संस्कृति वर्तमानमा मानव जीवनको अभिन्न अङ्ग हो र पनि यसका नकारात्मक पाटाहरू प्रशस्त देखिन्छन्। यसले मानिसको जीवनलाई सरल, सहज र मनोरञ्जक र सुविधासम्पन्न बनाएको छ। यसो भए पनि साइबर प्रयोगकर्ता सबै व्यक्ति असल सोच र सही आचरणका नभएको हुनाले यसको गलत प्रयोग भइरहेको छ। यस्तो गलत प्रयोगका कारण विशेषगरी महिला तथा किशोरीहरू साइबरजन्य हिंसाको मारमा परेर उत्पीडित भइरहेका छन्। पितृसत्तात्मक सामाजिक संरचना र त्यसले निर्धारण गरेको विभेदकारी मूल्यका कारण यस्ता अपराधमा संलग्न पुरुष उत्साही भएर महिलामाथि विभिन्न प्रकारका हिंसा गर्दछन्। त्यसमा पनि यौनजन्य हिंसाको दुष्प्रभावमा महिलाहरू अत्यन्तै पीडित

देखिएका छन् । यसको कारण हो, उनीहरू खुलेर आफू विरुद्ध भएका हिंसा बाहिर ल्याउन सक्तैनन् । यस्तो अपराधको कानुनी उपचारका रूपमा साइबर कानुनको व्यवस्था भए पनि त्यसमा व्यावहारिक कठिनाइ देखिन्छन्। त्यसैले साइबरजन्य हिंसाबाट महिला तथा किशोरीहरू मुक्त हुनाका लागि साइबर कानुन प्रभावकारी बनाइनु त पर्छ नै । यसका साथै साइबर संस्कृतिभित्र आबद्ध हुँदा महिलाहरू स्वयम् पनि सजग रहनुपर्दछ। बालिका तथा किशोरीहरूका अभिभावकहरूको सचेतता पनि यसमा उत्तिकै आवश्यक देखिन्छ।

## *सन्दर्भ सामग्रीसूची*


दाहाल, ऋषिकेश (२०७०). 'नेपालमा साइबर संस्कृति'. *भृकुटी.* पू.अ. १९, पृ. ७५–८२।

भट्टराई, गोविन्दराज (२०६६). 'साइबर स्पेसमा हाम्रो प्रवेश र नेपाली साहित्यले अजङ्ग फड्का मारेको दृश्य'. *स्रष्टा र डिजिटलवार्ता.* (सम्पा. कृष्ण बजगाई). अमेरिका : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज।

शर्मा, मोहनराज (२०७८). *समालोचनाका नयाँ कोण.* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन हाउस।

Balabantaray, S. R., Mishra, M., & Pani, U. (2023). 'A sociological study of cybercrimes against women in India: Deciphering the causes and evaluating the impact on the victims'. *International Journal of Asia Pacific Studies.* 19(1), 23–49. https://doi.org/10.21315/ijaps2023.19.1.2

Bhongale, J. K. (2021). *Crime against women in cyber world* (SSRN Scholarly Paper No. 3903959). SSRN. https://doi.org/10.2139/ssrn.3903959

Escobar, A. (1999). Gender, place and networks: A political ecology of cyberculture. In W. Harcourt (Ed.). *Women@internet: Creating new cultures in cyberspace.* (pp. 31–54). Zed Books.

Harcourt, W. (1999). cyborg melody: An introduction to women on the net (WoN). In W. Harcourt (Ed.). *Women@internet: Creating new cultures in cyberspace.* (pp. 31–54). Zed Books.

Maj'mudah, S., Razali, A., Amala Sholicha, & Othre's (2024). Gender based cyber violence: Forms, impacts, and strategies to protect women victims. *Journal of International Women's Studies.* 26(4), Article 5. https://vc.bridgew.edu/jiws/vol26/iss4/5

Prime Law Associates. (2024, August 7). *Cyber crime laws in Nepal.* https://primelawnepal.com/cyber-crime-laws-in-nepal/

United Nations Regional Information Centre. (2024, May 12). *Cyberviolence against women and girls: The growing threat of the digital age.* https://unric.org/en/cyberviolence-against-women-and-girls-the-growing-threat-of-the-digital-age/

Youngs, G. (1999). Virtual voices, real lives. In W. Harcourt (Ed.). *Women@internet: Creating new cultures in cyberspace.* (pp. 31–54). Zed Books.